## सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) डिजिटल युगसँगै अत्याधुनिक व्यवस्थापनका साथ सेवा प्रवाहमा समर्पित

वि.सं. २०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघर' लाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित "सांस्कृतिक संस्थान" को रूपमा पुनर्गठन भएको हो । सांस्कृतिक संस्थान नेपालको पहिचानयुक्त सिर्जनशील कला सजीव रूपमा प्रदर्शनी गर्ने अभिभारा बोकेको संस्कृति सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय हो । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका राष्ट्रको पहिचान झल्किने लोकसंस्कृति सम्बन्धी कार्यक्रमहरू राज्यका महत्त्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य विशेष अवसरमा प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ । सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य सांस्कृतिक नवजागरण गराई सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनुका साथै नेपालको पहिचानयुक्त सजीव लोकसंस्कृतिलाई प्रस्तुतिका माध्यमबाट संस्थागत रूपमा संरक्षण तथा प्रवर्द्धन गरी नयाँ सभ्य संस्कृति निर्माण गर्नु हो । संस्थानले जागरणमूलक सांस्कृतिक अभियान मार्फत कुसंस्कार, कुप्रथा, विकृति, विसंगति, रूढिवादी सोच, अन्धविश्वास, भेदभाव, शोषण, दमन, हिंसा, अन्याय-अत्याचार तथा बेथिति निर्मूलनको लागि नैतिक शिक्षा सम्प्रेषण गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा विशेष योगदान पुऱ्याएको छ ।

सांस्कृतिक संस्थानसँग मेगा हल, मिनी हल, सेमिनार हल र अभ्यास कक्षहरू रहेका छन् । मेगा हलको सिट क्षमता ७०० भन्दा बढी, मिनी हलको सिट क्षमता १०४ सिट भन्दा बढी र सेमिनार हल तथा अभ्यास कक्षका सिट क्षमता ५० भन्दा बढी रहेको छ । त्यस्तै डिजिटल प्रविधिसँगै अत्यावश्यक २२० वर्ग फिटको एल.ई.डी. स्क्रिन पनि थप जडान गरिएको छ । समय, परिस्थिति, राज्यको मार्गनिर्देशन, विज्ञान-प्रविधिको विकास, जनचाहना अनुरूप सांस्कृतिक संस्थान रूपान्तरित भई छिटो-छरितो एवम् प्रभावकारी सेवा प्रवाहमा प्रतिबद्ध छ ।

## हल (मेगा, मिनी, सेमिनार), अभ्यास कक्षहरू, एल.ई.डी. स्क्रिन र क्याटरिङको भाडा दर तथा सहुलियत सम्बन्धी व्यवस्थाः



## १.सांस्कृतिक संस्थानको मेगा हल बुकिङ गर्दा लाग्ने हल भाडा र धरौटी रकम देहाय बमोजिम हुनेछः

क) बिहान ७:०० बजेदेखि दिउँसो १:०० बजे सम्मको सिफ्टको लागि रु. ६०,०००/-
ख) दिउँसो २:०० बजेदेखि राति ८:०० बजे सम्मको सिफ्टको लागि रु. ८०,०००/-
ग) विशेष समय (रोजेको ७ घण्टा समय) को दिनको लागि रु. १,००,०००/-
घ) एक दिन (१२ घण्टा) को सिफ्टको लागि रु. १,२०,०००/-
ङ) एक रात (१२ घण्टा) को सिफ्टको लागि रु. ६०,०००/-
च) विशेष समय वा सिफ्ट (रोजेको ७ घण्टा समय) रातको लागि रु. ४०,०००/-
छ) एक दिन/एक रात (२४ घण्टा) लागि हल भाडा रु. १,५०,०००/-
ज) संस्थानको मेगा हल भाडा लिनको लागि धरौटी बापतको लागि रु.२०,०००/- रकम संस्थानले तोकेको बैंक खातामा अग्रिम रूपमा जम्मा गरी त्यसको सक्कल भौचर संस्थानको लेखा शाखामा बुझाउनु पर्नेछ ।
झ) नेपाल सरकारद्वारा वार्षिक क्यालेन्डरमा उल्लेख गरेको सार्वजनिक बिदाका दिनहरूमा अतिरिक्त भाडा बापत एक सिफ्टको थप रु. १०,०००/- लाग्नेछ । तर विशेष समय वा एक दिन वा एक रात वा एक दिन/एक रात (२४ घण्टा) को लागि भने अतिरिक्त शुल्क लाग्ने छैन ।
ञ) तोकिएको समयभन्दा प्रेक्षालय बढी समय प्रयोग गरेमा विलम्ब समय बापत प्रति घण्टा रु. १०,०००/- का दरले थप भाडा लाग्नेछ ।
ट) अति विशिष्ट पाहुना आउने कार्यक्रमको लागि एक सिफ्ट मात्र लिन पाइने छैन । विशेष समय वा एक दिन वा एक रात वा एक दिन/एक रात (२४ घण्टा) लिनु पर्नेछ । साल असार ५ गते भएकोले हरेक वर्ष यसै समयलाई वार्षिकोत्सव मानिन्छ । सञ्चालक समिति देहाय बमोजिम हुने व्यवस्था रहेको छ :-
(क) अध्यक्ष : नेपाल सरकारबाट नियुक्त
(ख) महाप्रबन्धक : नेपाल सरकारबाट नियुक्त
(ग) सदस्यः संस्कृति, पर्यटन तथा नागरिक उड्डय मन्त्रालय प्रतिनिधि (उपसचिव)
(घ) सदस्य : अर्थ मन्त्रालय प्रतिनिधि (उपसचिव)
(ङ) सदस्य : नेपाल सरकारबाट नियुक्त

## २.सांस्कृतिक संस्थानको अभ्यास कक्ष, क्याटरिङ तथा एल.ई.डी स्क्रिन (LED Screen) भाडा रकम देहाय बमोजिम हुनेछः

क) संस्थानका अभ्यास कक्षको भाडा प्रति घण्टा रु. १,०००/- कायम गरिएको छ ।
ख) अभ्यास कक्षको लागि धरौटी रकम बुझाउनु पर्ने छैन ।
ग) संस्थानको कुनै पनि स्थान क्याटरिङका लागि प्रयोग गर्दा पुरा क्याटरिङको रु. १५,०००/- भाडा कायम गरिएको छ ।
घ) यस संस्थानमा रहेको एल.ई.डी स्क्रिन (LED Screen) प्रयोग गर्दा रु.१५०/- प्रति वर्ग फिटको दरले भाडा बुझाउनु पर्नेछ ।

## ३.सहुलियत तथा विशेष सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क) प्रेक्षालय र अभ्यास कक्ष भाडामा लिने व्यक्ति वा संस्थाले दुई दिनसम्म लगातार भाडामा लिएमा ५ प्रतिशत, तीन दिनदेखि पाँच दिनसम्म लगातार भाडामा लिएमा १० प्रतिशत, ६ देखि १० दिनसम्म लगातार भाडामा लिएमा १५ प्रतिशत र १० दिनभन्दा माथि जतिसुकै दिन भए पनि लगातार प्रेक्षालय भाडामा लिएमा २० प्रतिशत छुट दिइनेछ ।
ख) LED स्क्रिनको भाडाको हकमा विशेष समय लिनेहरूका लागि ३० प्रतिशत, एक दिन वा एक रात वा एकदिन/एकरात (२४ घण्टा) लिनेहरूका लागि ५० प्रतिशत छुट प्रदान गरिनेछ । तर सिफ्ट मात्र लिनेहरूका लागि उल्लेखित सहुलियतको व्यवस्था लागू हुने छैन ।
ग) कुनैपनि आयोजकले कार्यक्रम हुने दिनमा कार्यक्रममा प्रस्तुत गरिने क्रियाकलाप तयारी गर्न अभ्यास कक्ष प्रयोग गर्न चाहेमा, अभ्यास कक्षहरू खाली भएको अवस्थामा मात्र संस्थानसँग अनुमति लिई एक घण्टाको लागि प्रयोग गर्न निशुल्क उपलब्ध गराउन सकिनेछ । तर एक घण्टाभन्दा बढी समय प्रयोग गरेमा नियमानुसार प्रतिघण्टा रु.१,०००/- का दरले शुल्क तिर्नु पर्नेछ ।
घ) संस्थानको मेगा प्रेक्षालय, मिनी प्रेक्षालय र सेमिनार हलको लबीमा खानपान बाहेकका अन्य सामग्री संस्थानलाई बाधा नपर्ने गरी कार्यक्रम आयोजकले प्रदर्शन गर्न चाहेमा संस्थानको अनुमति लिई प्रदर्शन गर्न सक्नेछ ।
ङ) आयोजक पक्षले आफूलाई आवश्यक पर्ने मञ्च सजावट, व्यवस्थापन लगायत अन्य आवश्यक सामग्रीहरूको व्यवस्था आफैले गर्नु पर्नेछ । तर आयोजकले कार्यक्रम सेट व्यवस्थापनका लागि संस्थानमा उपलब्ध भएका सामान्य प्रकृतिका सामग्री प्रयोग गर्नुपर्ने भएमा संस्थानको अनुमति लिई टुटफुट भएमा त्यसको जिम्मेवारी सम्बन्धित आयोजक पक्ष रहने गरी प्रयोग गर्न सक्नेछ ।
च) सेवाग्राहीलाई विषम परिस्थिति परेको खण्डमा धरौटी बापत बुझाएको रकम हल भाडामा मिलान गर्न चाहेमा प्रेक्षालय सञ्चालन तथा व्यवस्थापन ( संशोधन सहित) निर्देशिका, २०८२ को अनुसूची-६ बमोजिम फाराम भरी संस्थानको लेखा शाखामा निवेदन पेश गर्नु पर्नेछ । लेखा शाखाले आवश्यक चेकजाँच गरी महाप्रबन्धकको स्वीकृति लिई मिलान गर्न सकिनेछ ।

## ४.सांस्कृतिक संस्थानको मिनी हलको भाडा तथा धरौटी रकम देहाय बमोजिम हुनेछः



क) बिहान ८:०० बजेदेखि दिउँसो १:०० बजे सम्मको सिफ्टको लागि रु. १५,०००/-
ख) दिउँसो २:०० बजेदेखि बेलुकी ७:०० बजे सम्मको सिफ्टको लागि रु. १५,०००/-
ग) विशेष समय (रोजेको ६ घण्टा समय) दिनको लागि रु. २०,०००/-
घ) एक दिन (१२ घण्टा) को लागि रु. २५,०००/-
ङ) एक रात (१२ घण्टा) को लागि रु. १५,०००/-
च) विशेष समय वा सिफ्ट (रोजेको ६ घण्टा समय) रातको लागि रु. १०,०००/-
छ) एक दिन/एक रात (२४ घण्टा) को लागि हल भाडा रु.३०,०००/-
ज) मिनी हल भाडा लिनको लागि रु. ५,०००/- धरौटी बापतको रकम संस्थानले तोकेको बैंक खातामा जम्मा गरी त्यसको सक्कल भौचर संस्थानको लेखा शाखामा बुझाउनु पर्नेछ ।
झ) मिनी हल तोकिएको समयभन्दा बढी समय प्रयोग गरेमा अतिरिक्त समय बापत प्रतिघण्टा रु. ३,०००/- को दरले थप भाडा लाग्नेछ ।

## ५.सांस्कृतिक संस्थानको सेमिनार हलको भाडा रकम देहाय बमोजिम हुनेछः



क) बिहान ८:०० बजेदेखि दिउँसो १:०० बजे सम्मको सिफ्टको लागि रु. १०,०००/-
ख) दिउँसो २:०० बजेदेखि बेलुकी ७:०० बजे सम्मको सिफ्टको लागि रु. १०,०००/-
ग) विशेष समय (रोजेको ५ घण्टा समय) दिनको लागि रु. १५,०००/-
घ) एक दिन (१२ घण्टा) को लागि रु. २०,०००/-
ङ) एक रात (१२ घण्टा) को लागि रु. १०,०००/-
च) विशेष समय वा सिफ्ट (रोजेको ५ घण्टा समय) रातको लागि रु. ८,०००/-
छ) एक दिन/एक रात (२४ घण्टा) को लागि हल भाडा रु. २५,०००/-
ज) सेमिनार हलको भाडा रकम संस्थानले तोकेको बैंक खातामा अग्रिम रूपमा जम्मा गरी त्यसको सक्कल भौचर संस्थानको लेखा शाखामा बुझाउनु पर्नेछ ।
झ) सेमिनार हल तोकिएको समयभन्दा बढी समय प्रयोग गरेमा अतिरिक्त समय बापत प्रतिघण्टा रु. १,०००/- को दरले थप भाडा लाग्नेछ ।
ञ) सेमिनार हल भाडा लिनको लागि रु.३,०००/- धरौटी बापतको रकम संस्थानले तोकेको बैंक खातामा जम्मा गरी त्यसको सक्कल भौचर संस्थानको लेखा शाखामा बुझाउनु पर्नेछ

## ६.चित्रदर्शक यन्त्र (Projector) भाडा रकम देहाय बमोजिम हुनेछः

क) एक सिफ्ट वा विशेष समयका लागि रु.१,०००/-
ख) एकदिन वा एक रातको समयका लागि रु.१,५००/-
ग) एक दिन/एक रात (चौबिस घण्टा) को समयका लागि रु.२,५००/-

## अनलाइन मार्फत हल बुकिङ सम्बन्धी व्यवस्था

- सांस्कृतिक संस्थानले डिजिटल प्रविधिसँगै हल बुकिङ प्रणालीलाई विद्युतीय माध्यमबाट गर्न सकिने व्यवस्था गरेकाले देहाय बमोजिमको प्रणालीलाई आत्मसात अनलाइन मार्फत हल बुसिांस्कृतिक संस्थानको आधिकारिक वेबसाइट www.sanskritiksansthsn.com लगइन गरी हल बुकिङ लेखेको अप्सनलाई क्लिक गर्ने,
- कुन हल बुकिङ गर्नुपर्ने हो सोही हलको “हल बुकिङ गर्नुहोस्” भन्ने अप्सनलाई क्लिक गर्ने,
- फोन नम्बर भन्ने अप्सनमा क्लिक गरी आफ्नो मोबाइल नम्बर राखे OTP को लागि अनुरोध गर्ने र मोबाइलको Message Box मा प्राप्त हुने OTP कोडलाई राखेर Send गर्ने,
- त्यसपछि व्यक्तिगत विवरण भन्ने अप्सनमा गएर त्यहाँ माग भए बमोजिमका विवरणहरू भरेर Next अप्सनलाई क्लिक गर्ने,
- त्यसपछि कार्यक्रमका विवरणहरू भन्ने अप्सनमा गएर त्यहाँ माग भए बमोजिमका कार्यक्रमको नाम, उपस्थित हुने संख्या, बुकिङ गर्न चाहेको मिति, समय, सिफ्ट र कति रुपैयाँ भुक्तानी गर्ने हो सो बारे सम्पूर्ण विवरणहरू भरेर Next अप्सनलाई क्लिक गर्ने,
- त्यसपछि अतिरिक्त सेवाहरू भन्ने अप्सनमा गएर यदि आफूलाई अतिरिक्त सेवा चाहिएको भए सो सेवाहरू बारे Yes वा चाहिएको छैन भने No भरेर Next अप्सनलाई क्लिक गर्ने,
- त्यसपछि नियम र शर्त भन्ने अप्सनमा Purpose अप्सनमा आफूले कुन प्रयोजनको लागि कार्यक्रम गर्न चाहेको सो बारे उल्लेख गरी I agree भन्ने अप्सनमा क्लिक गरेर Pay Booking Amount & Continue मा क्लिक गरी Khalti वा ConnectIPS प्रणाली मार्फत आफ्नो व्यक्तिगत खाताको विवरण भरेर send गर्ने Payment Successful भनेपछि तपाईंको बुकिङ भएको मानिनेछ ।
- बुकिङ भइसकेपछि बुकिङ भएको विवरण डाउनलोड वा स्क्रिनशट गरी सो विवरण संस्थानलाई उपलब्ध गराउनु पर्नेछ ।

## सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) डिजिटल युगसँगै अत्याधुनिक व्यवस्थापनका साथ सेवा प्रवाहमा समर्पित




**सांस्कृतिक संस्थान**

**जमल, काठमाडौं**

**सम्पर्क नं. ०१-५३२११९४**

**Email: Sanskritiksansthan@nepal.gov.np**